अनुसूची-१

NEPALLIFE INSURANCE

**नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड**
**रजिष्टर्ड कार्यालयः मेनरोड, वीरगंज, पर्सा**
**प्रधान कार्यालयः कमलादी, काठमाडौं**

**संचालक निर्वाचन कार्यक्रमको**

**सूचना**

मिति २०८२।०९।१९ मा सम्पन्न हुने यस नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको २६औं वार्षिक साधारण सभामा संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने संचालक (समूह 'क') पद संख्या ३ को निर्वाचन प्रयोजनका लागि संचालक निर्वाचन निर्देशिका, २०८२ को दफा ८ अनुसार यो निर्वाचन कार्यक्रमको सूचना प्रकाशित गरिएको छ ।

| क.सं. | कार्यक्रम | मिति | समय | स्थान |
|---|---|---|---|---|
| १. | प्रथम मतदाता नामावली प्रकाशन | २०८२।०९।१३ | १२:३० | नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड प्रधान कार्यालय क्लासिक कम्प्लेक्स काठमाडौं |
| २. | मतदाता नामावली उपर दाबी विरोध | २०८२।०९।१३ | २ बजे सम्म | ऐ.ऐ. |
| ३. | अन्तिम मतदाता नामावली प्रकाशन | २०८२।०९।१३ | ४ बजे सम्म | ऐ.ऐ. |
| ४. | उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने | २०८२।०९।१४ | ११-१ बजे सम्म | ऐ.ऐ. |
| ५. | उम्मेदवारको प्रथम नामावली प्रकाशन | २०८२।०९।१४ | १:३० बजे | ऐ.ऐ. |
| ६. | उम्मेदवारको नाम उपर दाबी विरोधमा उजूरी दिने | २०८२।०९।१४ | २-३:३० बजे | ऐ.ऐ. |
| ७. | उम्मेदवारको नाम फिर्ता लिने | २०८२।०९।१४ | ४ बजे देखि २०८२।०९।१६ ११:३० बजे सम्म | ऐ.ऐ. |
| ८. | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | २०८२।०९।१६ | १२:१० बजे | ऐ.ऐ. |
| ९. | मतदान | २०८२।०९।१९ | साधारण सभामा जानकारी गराईने | होटल भिष्वा, वीरगंज |
| १०. | मतगणना | २०८२।०९।१९ | मतदान पश्चात | होटल भिष्वा, वीरगंज |
| ११. | निर्वाचन परिणामको घोषणा | २०८२।०९।१९ | मतगणना पश्चात | होटल भिष्वा, वीरगंज |

नेपाल लाइफ इन्स्योरेन्स कं. लि. प्रधान कार्यालय

**द्रष्टव्य :**

१. कम्पनीको समूह "क" सञ्चालकको पदमा नियुक्त हुन संस्थापक शेयरधनीको हकमा कम्तीमा १०० कित्ता शेयर आफ्नो नाउँमा लिएको हुनुपर्नेछ र कम्पनी ऐन, बीमा ऐन तथा कम्पनीको नियमावली र कम्पनीको निर्वाचन निर्देशिका, २०८२ ले तोके बोमोजिम सञ्चालक हुनका लागि योग्य व्यक्ति हुनु पर्नेछ ।

२. सञ्चालक पदमा उम्मेदवार हुन चाहने शेयरधनीले निर्वाचन कार्यक्रम अनुसार कम्पनीको रजिष्टर्ड /प्रधान कार्यालयमा एकजना शयेरधनी प्रस्तावक र अर्को एकजना शयेरधनी समर्थक सहित तोकिएको ढाँचा बोमोजिम उम्मेदवारी दरखास्त दर्ता गर्नुपर्दछ । उम्मेदवारीबाट आफ्नो नाम फिर्ता लिन चाहेमा तोकिएको समय भित्र आफ्नो नाम फिर्ता लिन तोकिएको ढाँचा बोमोजिम दरखास्त दिनु/गर्नुपर्दछ । तर अध्यक्षले अनुमति दिएमा त्यस्तो उम्मेदवारले सो समय पछि पनि आफ्नो नाम फिर्ता लिन सक्नेछन् ।

३. शेयरधनीहरुको मताधिकार निजले लिएको शेयरको अनुपातमा कायम हुनेछ । त्यसरी मतदान गर्ने शेयरधनीले आफ्नो सबै मत एउटै उम्मेदवारलाई वा एक भन्दा बढि उम्मेदवारलाई विभाजन गरी गोप्य रूपमा मतदान गर्न सक्नेछन् ।

४. मतदानको अधिकार पाएका शेयरधनी मतदानमा स्वयं उपस्थित हुन नसक्ने भएमा कम्पनीको अन्य शेयरधनीलाई प्रतिनिधि मनोनित गर्न सक्नेछ र त्यसरी मनोनित भएको प्रतिनिधिले मतदान गर्न पाउनेछ ।

५. सभामा भाग लिने र मतदान गर्ने शेयरधनी एउटै हुनु पर्नेछ र प्रतिनिधिपत्र (PROXY) साधारण सभा हुनुभन्दा ४८ घण्टा अगाडि पेश गर्नुपर्नेछ ।

६. मिति २०८२।०९।१९ गते सञ्चालन हुने वार्षिक साधारणसभाको लागि तय गरिएको विषयवस्तु (Agenda) मा छलफल सकिए पश्चात कम्तीमा आधा घण्टा मतदान गर्नको लागि समय दिइनेछ ।

७. निर्वाचनमा प्रयोग गरिएको सबै मतपेटिकाहरु प्राप्त भएपछि मतगणना कार्य सुरु हुनेछ ।

८. मतगणना कार्य समाप्त भएपछि निर्वाचन परिणाम घोषणा गरिनेछ ।

९. निर्वाचन सम्बन्धी काम कुरामा निर्वाचन अधिकृतको सहि मान्य हुनेछ ।

१०. निर्वाचन सम्बन्धी आवश्यक जानकारी निर्वाचन अधिकृत वा नेपाल लाइफ इन्स्योरेन्स कं. लि. को रजिष्टर्ड कार्यालय/प्रधान कार्यालयबाट लिन सकिनेछ । यो निर्वाचन सम्बन्धी कार्यक्रम शेयरधनीको जानकारीको लागि कम्पनीको वेभ–साईटमा समेत राखिएको छ ।

११. विजयी उम्मेदवारलाई निर्वाचन अधिकृतबाट प्रमाणपत्र वितरण गरिनेछ ।

१२. उम्मेदवारले आफ्नो उम्मेदवारीको मनोनयन पत्रसाथ रकम **रु. २५,०००/-** (अक्षेरुपी रु. पच्चीस हजार मात्र) फिर्ता नहुने गरी दाखिला गर्नुपर्नेछ ।

मिति: २०८२/०९/०७ कम्पनीको छाप

नेपाल लाइफ इन्स्योरेन्स कं. लि. प्रधान कार्यालय

........................................
निर्वाचन अधिकृत